# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी ३५ दिनभित्र स्थानीय तहबाट तोकिएका स्थानहरुमा खटिएका लगत संकलक मार्फत पेश गर्न सार्वजनिक सूचना जारी भएको र उक्त प्रयोजनका लागि यस केराबारी गाउँपालिका अन्तर्गत तपशिल बमोजिम हुनेगरी लगत संकलनको कार्य सञ्चालन गरीने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरीएको छ।

**तपशिल :**

लगत संकलन हुने स्थान : केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको भूमि शाखा
लगत संकलन हुने समय : कार्यालय समय
लगत संकलन हुने मिति : २०८२।०४।३० देखि २०८२।०६।०२ गते सम्म (विदाको दिन बाहेक)
**लगत संकलनका क्रममा आवश्यक कागजातहरुको विवरण :**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम लगत संकलन गर्ने प्रयोजनका लागि तपशिल बमोजिमको कागजातहरु आवस्यक रहने :

**तपशिल :**

१. नागरिकता प्राप्त परिवारका सबै सदस्यहरुको नागरिकता प्रमाणपत्रको छायाँप्रति र परिवारमूली र निजको पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो — १/१ प्रति (लगत संकलन, रुजु तथा प्रमाणिकरण प्रकृयामा आवस्यकता बमोजिम सक्कलै नागरिकता प्रमाणपत्र समेत आवस्यक पर्ने)
२. नागरिकता प्राप्त नगरेका परिवारका सदस्यहरुको जन्म दर्ता प्रमाणपत्र वा विवरण खुल्ने आधिकारिक प्रमाणपत्र।

जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

३. अव्यवस्थित बसोबासीको हकमा आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेका सबै जग्गाको जग्गाधनी प्रमाण पूर्जाको छायाँप्रति र सम्बन्धित स्थानीय तहले कर प्रयोजनका लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी स्थानीय तहको पत्र।

४. आफुसँग भएका अन्य प्रमाण जस्तै घरसारको कागजको छायाँप्रति, मतदाता परिचयपत्र, विद्युत, पानीको महशुल बुझाएको प्रमाण, स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण।

५. जग्गाधनीपूर्जा भएको तर प्राकृतिक प्रकोपको कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको कुनैपनि जग्गा प्रयोगमा आउने सम्भावना नभई त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेका भूमिहीनको हकमा सो विषयको मालपोत कार्यालयको लगत कट्टा, समितिको निर्णय र मालपोत कार्यालयको पत्र।

**पुनश्च : यस सूचना भन्दा पहिला २०७७।१२।०३ मा प्रकाशित सूचना बमोजिम निवेदन पेश गर्नुहुने व्यक्तिहरुले पुनः फारम भर्नु नपर्ने** र उक्त सूचना बमोजिम निवेदन पेश गर्न छुट व्यक्तिहरुको लागि यो सूचना जारी गरीएको **व्यहोरा समेत जानकारी गराइन्छ।**

थप जानकारीका लागि ९८५२०८०२१६ मा सम्पर्क गर्नसक्नुहुनेछ।

सूचना मिति : २०८२।०४।३०
ने.सं. : ११४५, गुंलागा ७ शुक्रबार

........................................
**जयराम श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**

ई-मेल:kerabariruralmun@gmail.com ,वेभसाइट:www.kerabarimun.gov.np, फोननं. ०२१-४०३११०
"कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृद्व केराबारी हाम्रो आधार"